अन्नपूर्ण पोष्ट, शुक्रवार, ६ असार २०६५

# सूचना दिने भन्दा पनि लिनेहरू सचेत हुनुपर्‍यो : कसजू

*जनताको सूचनाको हक स्थापित गर्न गठित राष्ट्रिय सूचना आयोग आफ्नै कामको सूचना संकलन गर्ने भौतिक पूर्वाधार तयारीमा व्यस्त छ । संविधानमा सूचनाको हकको व्यवस्था भएपनि व्यवहारिक रूपमा यसको कार्यान्वयन हुन नसकिरहेको नेपाल जस्तो मुलुकमा स्वयं जनता आफ्नो हकका बारेमा सचेत हुनुपर्ने राष्ट्रिय सूचना आयोगका नव नियूक्त प्रमुख आयुक्त विनय कसजूको धारण छ । उनका विचारमा आफ्नो सूचनाको हकबारे जनता लाई आत्मबोध गराउनु आयोगको पहिलो चुनौती हो तर सूचना लुकाउने सरकारी मानसिकता पनि जनताको सूचनाको हक स्थापित गर्ने अर्को खतरनाक बाधकतत्व भएको कसजूको भनाइ छ । त्यसैले जनतामा सूचनाको हकबारे सचेतनामुलक प्रचारप्रसार कार्यक्रम र सरकारी अधिकारीलाई सूचना दिनुपर्ने दायित्वबोध गराउने अन्तरक्रिया सञ्चालन आयोगको पहिलो योजना रहेको उनले बताए । नेपालमा सूचनाको हक स्थापनाका चुनौती, आयोगको कामकारबाहि आदि विषयमा अन्नपूर्ण पोष्टका किरण पोखरेल र अनन्त वाग्लेले गरेको कुराकानी :*

**सूचनाको हक सम्बन्धी नियमावली समेत नआएको अवस्थामा कसरी काम गर्दै हुनुहुन्छ ?**

नियमावलि नवनेको अवस्थामा पनि काम गर्न सकिने गरी ऐन बनेको छ । काम गर्ने कतिपय कुरा ऐनमा नै व्यवस्था गरियको छ ।

**कार्य विधि बनेको छैन नि ?**

सबै भन्दा पहिलो कुरा त सूचनाको हकका बारेमा सर्बसाधारणले जानकारी पाउनुपर्‍यो । कार्यालय तथा सार्वजनिक निकायमा सूचना माग्न जानुपर्‍यो । सूचना माग्न जानको लागि अहिलेको ऐन नै काफी छ । ऐनमा नै सूचनाको हक कसरी माग्ने भन्ने कुरा तोकियको छ । हरेक कार्यालयले तीनतीन महिनामा कति सूचना सार्वजनिक गर्नु पर्छ भन्ने कुरा ऐनमा नै व्यवस्था गरियको छ । कति कर्मचारी छन्, कति तलब खान्छन्, कति र कस्तो काम हुन्छ भन्ने कुरा अद्यावधिक गर्नु पर्छ भन्ने कुरा ऐनमा नै व्यवस्था गरिएको छ ।

**सूचना अद्यावधिक नगर्दा के कारबाहि गर्ने भन्नको लागि कार्य विधि भए सजिलो हुन्छ होइन र ?**
हो तर त्यस्तो नगर्ने व्यक्ति वा कार्यालयलाई सूचना अद्यावधिक गर्नका लागी आयोगले आदेश दिने व्यवस्था ऐनमा पनि भएकाले काममा खासै ठूलो वाधा पर्दैन ।

**त्यसो भए ऐनबाटै काम चलाउनु हुन्छ कि कार्य विधि पनि बनाउनु हुन्छ ?**

हामी कार्यविधि निर्माणको प्रकृयामा छौ । कार्यविधि बनाउन लागि परेका छौं ।

**आयोगले खास काम के चाहिँ गर्दैछ ?**

एक त अहिले हामीसँग कार्यलय नै छैन । सञ्चार मन्त्रालयको एउटा कोठामा बसिरहेका छौं । बजेट भर्खरै निकासा भएको असारको अन्तिम सातासम्म फर्निचर खरिदलगायत कार्यालयको व्यवस्थापन हुनेछ । हामी नियमावलीलाई अन्तिम रूप दिन र कार्यालयका लागि घरको व्यवस्था गर्न लागिरहेका छौं हामिसगँ कम्प्युटर समेत छैन । शुन्य अवस्थाबाट काम सुरू गरिहेका छौं । प्रचारप्रसारको काम भइरहेको छ । विभिन्न संघसंस्थासँग अन्तरक्रिया लिने काम भइरहेको छ ।

**जनतालाई जानकारी नभएको अवस्थामा व्यवहारिक रूपमा सूचनाको हक स्थापित गर्न कतिको कठिनाइ छ ?**

सबैभन्दा  ठूलो चुनौती नै यहि छ । एकातिर सूचना दिनेहरूमा सूचना दिनु पर्छ भन्ने मानसिकता नै तयार भएको छैन भने अर्को तिर सूचना लिनेहरू पनि तयार भइनसकेको अवस्था छ । सरकारी कामकाज तथा कुनै पनि कार्यालयको सूचना बाहिर आउनु हुँदैन भन्ने हाम्रो परम्परा छ । कतिपय कामकाज गोप्यरूपमा गरिन्छ । त्यसबारे सूचना लिने दिने नै होइन भन्ने सोच स्थापित छ । त्यसैले त्यो परम्परा तोड्ने सजिलो भने पक्कै छैन । यसबारे जनचेतना बढाउन प्रचारप्रसार बढाउनु जरूरी छ ।

**जनतालाई के कस्ता सूचना पाउने अधिकार छ ?**

उनीहरूले पाउने अधिकार दुई प्रकारका छन् । पहिलो, सार्वजनिक सूचना हो । जस्तो- आफ्नो टोलछिमेकमा बन्ने योजना बारे थाहा पाउने अधिकार । दोस्रो, व्यक्ति सूचना । जस्तो- मालपोत कार्यालयमा जग्गापास गर्न जाँदा कर्मचारीले आलटाल गरेर भोलि आउ, पर्सि भन्न पाउँदैन । के कारणले काम हुन नसकेको हो भन्ने बारे स्पष्ट जानकारी सम्बन्धितलाई दिनुपर्छ । प्रत्येक कार्यालयले आफूले गर्ने कार्य र त्यसका लागि आवश्यक पर्ने कागजात बारे सर्वसाधारणले देख्ने गरी सूचनापाटीमा उल्लेख गरेको हुनुपर्छ ।

**सूचना अपडेट गरेर डकुमेन्टेसन गर्ने परम्परा यहाँ छैन, यस्तो अवस्थामा सूचनाको हक कसरी स्थापना हुन्छ ?**

आयोगको काम सरकारी कामलाई पारदर्शी बनाउनु हो । सरकारी निकायलाई जनताप्रति संवेदनशील बनाउनु पनि यसको दायित्व हो तर सरकारी निकायमा तपाईले भने जस्तो डकुमेन्टेसन राम्रो छैन । फाइलहरू कपडामा पोको पारेर राखिन्छ । फाइल गर्ने वैज्ञानिक प्रणाली छैन, कम्प्युटरको कुरा त परै जाओस् । काजपत्र अट टु डेट गराएर राख्नुपर्छ भन्ने हाम्रो ध्येय हो । यसका लागि ऐनमा बीस वर्ष सम्मका कार्यालयका कागजपत्र जतिबेला आवश्यक पऱ्यो त्यही बेला उपलब्ध हुने गरी राख्नुपर्छ भन्ने नयाँ व्यवस्था गरियको छ ।

**नेपालमा सूचनाहरू अपडेट गरेर राख्ने व्यवस्था सहज हुनसक्छ ?**

हरेक कार्यालयमा एक जना सूचना अधिकारीको व्यवस्था हुनुपर्छ । यसका लागि कार्यालय चाहियो । फर्निचर, कम्प्युटर वा फाइलहरू चाहियो । बजेट चाहियो । अब बजेट बनाउने बेला भएको छ । त्यसको व्यवस्था मिलाउनु पर्छ । देशभरका कार्यालयमा यसरी व्यवस्था गर्दा केहि खर्च बढ्ने देखिन्छ । त्यसैले एकैपटक हुन्छ भन्न त सकिन्न तर आवश्यक प्रक्रिया भने अघि बढाउनु पर्छ ।

**समयमा सूचना नदिँदा सूचना दिन बाध्य गराउने वा कारवाहि गराउने प्रक्रिया लामो छ, आवश्यक परेको समयमा उपलब्ध नभएको सूचना काम लाग्छ र ?**

यति दिन भित्र सूचना उपलब्ध गराइसक्नु पर्छ भन्ने कुरा ऐनमा उल्लेख गरियको छ तर सूचनाको प्रकृया अनुसार पनि त्यसको संवेदन शिलतालाई मूल्यांकन गर्नु पर्ने हुन्छ । स्वास्थ्यसम्बन्धी सूचना छ र त्यो सूचना तत्काल नपाए जीवनमरणको अवस्था छ भने उसले तत्काल सूचना पाउनुपर्छ । त्यस्तो बेलामा तत्काल सूचना उपलब्ध नगरायमा कारबाहि गर्नुपर्छ ।

**सञ्चारकर्मीले लिनखोज्ने सूचनाको कुरा गर्दा, मागेको वेलामा नपाएर दश पन्ध्र दिनपछि बाध्यकारी बनायर लिइएको सूचनाले हक प्रत्याभूत गराउँदछ ?**

सूचनाको हक भन्ने कुरा खासमा आमजनताका लागि हो । नेपालको सन्दर्भमा भने पत्रकार मार्फत सूचना पुराउने भन्ने सोचाइ छ । पत्रकारले आन्दोलन नगरेको भए सूचना आयोग नै बन्दैनथ्यो । सूचना आयोग भनेको पत्रकारको आयोग हो, अरूलाई के मतलब भनेर सोच्ने गरेको देखिन्छ तर त्यो बिल्कुलै गलत हो । पत्रकारले माग्नुभन्दा पहिल्यै सरोकारवालाले सूचना दिन तयार हुनुपर्‍यो । यस अघि कुनै कार्यालयको एकजना व्यक्तिलाई स्रोत बनायर सूचना लिनुपथ्र्यो । त्यो गोप्य हुने हुनाले आधिकारिक नहुन पनि सक्थ्यो तर अहिले यो ऐनमा के बाध्य पारिएको छ भने यदि कुनै कार्यालयमा जनविरोधि र जनतालाई अहित हुने काम कसैले गरेको छ भने त्यसको जानकारी थाहा पाउनेले आयोगलाई गराउनुपर्छ । यस्तो सूचना दिँदा उसलाई कुनै प्रकारको विभागीय कारबाहि गर्न पाइँदैन र कारबाहि भएको खण्डमा आयोगले उसलाई संरक्षण दिन्छ ।

**जनताले सूचना पाउने प्रक्रिया सहज बनाउने तर्फ पनि सोचिनु पर्ने होइन र ?**

सूचना दिने माध्याम पनि सूचनाको प्रकृति हेरेर आधुनिक बनाउँदै जानु पर्छ भन्ने कुरामा हामी सचेत छौं । फोन, इमेल तथा इन्टरनेट, एसएमएस जस्ता आधुनिक प्रविधि अपनाउनु पर्छ । निश्चित रूपमा सधैं दरखास्त लेखेर, टिकट टाँसेर गर्ने कागजीकरण कम गर्दै लैजानुपर्छ ।

**पन्ध्र दिनमा सूचना उपलब्ध नगराए कारबाही गर्ने कुरा छ, कारबाही चाहिँ कस्तो हुन्छ ?**

कसैले सूचना नदिएको बारेमा उजुरी परेपछि आयोगले त्यसउपर छानबिन गर्छ । सूचना दिनुपर्ने ठहर गरी सम्बन्धित पक्षलाई सूचना उपलब्ध गराउन आयोगले आदेश दिन्छ । त्यसपछि पनि सूचना उपलब्ध नगराएमा एक हजार देखि २५ हजार रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था छ । अर्को

चाहिँ सूचना अधिकारीले सूचना नदिएको खण्डमा उसले तलबबाट दैनिक दुई सय रूपैयाँ काटिने व्यवस्था छ ।

**सरकारी कार्यालयमा त यसरी तलब कटाउन सकिएला तर अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी कार्यालयमा यस्तो सम्भव छ ?**

नेपालकै नियमकानुन अनुसार गैरसरकारी निकायहरू पनि चल्नु पर्ने हुनाले ती निकायमा पनि यो कानुन लागू हुन्छ । अस्पताल, स्कुल देखि राजनीतिक दलहरूलाई पनि यो नियम लागू हुन्छ तर अन्तर्राष्ट्रिय निकायमा चाहिँ लागू हुँदैन । त्यसैले आयोगले गरेको फैसला त सबैले मान्नैपर्छ ।

**सूचनाको हक स्थापित गराउने अन्तर्राष्ट्रिय परम्परा चाहिँ कस्तो छ ?**

सूचनाको हकको सुरूवात गर्ने पहिलो देश स्विडेन हो । त्यहाँ दुई सय वर्ष पहिले देखि नै स्थापित छ । पछि अमेरिका र रूसबीचको शीतयुद्धका कारण सबै कुरा खुला गर्दा सुरक्षाका कारणले देशलाई खतरा हुन्छ भनेर सधै देशमा सूचनाको हक स्थापित हुन सकेन । बेलायतमै पनि सूचनाको हक स्थापित भएको धेरै भएको छैन । प्रेसस्वतन्त्रता भएका मुलुकमा पनि सूचनाको हक दिने कुरामा त्यति पारदर्शिता छैन । विश्वका सत्तरी भन्दा बढी देशमा सूचनाको हक स्थापित हुन सकेको छैन र व्यवहारिक रूपमा पालना गर्ने देश ५० जतिमात्रै छन् । संविधान पछि सबै भन्दा बलियो कानुन भनेको सूचनाको हकको कानुन हो मानवअधिकार लगायत सम्पूर्ण अधिकार यस पछि बल्ल सुरू हुन्छ सूचना पाएपछि मात्रै कसैले आफ्नो अधिकारको खोजी गर्छ ।

**सरकारी कर्मचारी सूचना उपलब्ध गराइहाल्ने मानसिकतामा छैनन् त्यसलाई परिवर्तन गर्ने आयोगको के योजना छ ?**

अरू देशबाट पनि हामीले सिक्नु पर्छ । भारतमा सूचनाको हक लागू भएको तीन वर्ष भयो  त्यहाँ केन्द्र र राज्य सरकारका सम्पूर्ण सचिवहरू लाई भेला गरेर सूचनाको हक जनतालाई दिनु पर्छ भन्ने संकल्प प्रस्ताव गराइयो । दिने कुरा माथि बाट सुरूगर्नु पर्छ । एकै पटक गाविसमा गएर सचिवलाई हामी सूचना दिन्छौं भन्ने संकल्प गराउनु भन्दा माथिल्लो निकायबाटै काम सुरु गर्नुपर्छ ।

**त्यसका लागि कार्यक्रम बनाउनु भएको छ ?**

अहिले नै कार्यक्रम तय भइसकेको छैन तर सोचाइ छ ।

**सूचनाको हक स्थापित गर्न के के कठिनाइ छन् ?**

पहिलो कुरा त दिने भन्दा पनि सूचना माग्नेहरू सचेत हुनुपर्यो । सूचना माग्ने कुरामा जनता सचेत छैनन् । सूचना दिनको लागि तयारी गर्नु पर्ने चुनौती छ । सूचना दिनेहरूको मानसिकता बदल्नुपर्ने चुनौती छ । अर्को कुरा, सबै निकायमा सूचना उपलब्ध गराउन जनशक्ति चाहिन्छ ।

**आयोगको गठन प्रक्रिया चाहिँ सरकारको मातहतबाट भएको छ, यसको स्वयत्तता माथि चुनौती आउने सम्भावना हुँदैन ?**

भारतमा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेता र सम्बन्धित मन्त्रीसहितको समितिले आयोगको सिफारिस गर्छ भने हामि कहाँ संसद्को सभामुख, पत्रकार महासंघका अध्यक्ष र सम्बन्धित मन्त्रीले सिफारिस गरेको हो । त्यसकारण पुरै सरकारले मात्रै आयोग गठन गऱ्यो भन्न मिल्दैन । आयोगको अधिकारको क्षेत्र हेर्दा पनि यसको व्यापकता स्पष्ट हुन्छ । यसलाई विघटन गर्ने तथा आयोगका सदस्यलाई हटाउने कुरा पनि मन्त्रीले गर्न सक्दैनन् , संसदिय समितिले नै हटाउनुपर्दछ । सरकारले जे भन्यो, त्यही गरेर आयोगलले बस्नुपर्ने अवस्था छैन ।

**भौतिक रूपमा साधनसम्पन्न भएपछि आयोगको पहिलो काम के हुन्छ ?**

सूचनाको हक स्थापित गराउन विभिन्न संघसंस्थासँग मिलेर देशव्यापी रूपमा प्रचाप्रसार गर्नेछौं ।